सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३३६ ♦ २०८३ साल भदौ ११ विहिवार ♦ 27 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# भोटेकोशी बाढीमा १५७ जनाको मृत्यु, ८१ सुरक्षाकर्मी सम्पर्कविहीन





**खबर दर्पण समाचारदाता**

**भदौ १० गते, बर्दिवास**

रसुवाको भोटेकोशी नदीमा बुधबार बिहान आएको आकस्मिक भीषण बाढीपहिरोमा परी हालसम्म १५७ जनाको मृत्यु भएको छ। बाढीपहिरोबाट रसुवासहित नुवाकोट, धादिङ, गोरखा, तनहुँ, चितवन र नवलपरासीपूर्वसमेत प्रभावित भएका छन् । विभिन्न स्थानमा खोज तथा उद्धार जारी रहेकाले मृतकको सङ्ख्या अझ बढ्न सक्ने सुरक्षा निकायले जनाएको छ ।

गृह मन्त्रालयका अनुसार हालसम्म चितवनमा ६४, धादिङमा २७, नुवाकोटमा १३, गोरखामा १९, तनहुँमा नौ, रसुवामा तीन र नवलपरासीपूर्वमा २२ जनाको शव फेला परेको छ। फेला परेका शवमध्ये १५ जनाको पहिचान खुल्न बाँकी छ ।

बाढीमा परी घाइते भएका ९३ जनाको उद्धार गरी विभिन्न अस्पतालमा उपचार भइरहेको छ । सम्पर्कविहीन तथा बेपत्ता व्यक्तिको सङ्ख्या ठूलो रहेकाले खोजी कार्यलाई तीव्र बनाइएको छ । उद्धार तथा राहतका लागि राज्यका सबै संयन्त्र परिचालन गरिएको सरकारले जनाएको छ ।

## ८१ सुरक्षाकर्मी सम्पर्कविहीन

बाढीपछि नेपाली सेनाका ४४, नेपाल प्रहरीका २८ र सशस्त्र प्रहरीका नौ गरी ८१ जना सुरक्षाकर्मी सम्पर्कविहीन छन् । र सुवागढी, टिमुरे, स्याफ्रुबेँसी, मैलुङ र वेत्रावतीलगायत क्षेत्रमा तैनाथ सुरक्षाकर्मी सम्पर्कविहीन भएका हुन् ।

सम्पर्कविहीन सुरक्षाकर्मीसँगै पर्यटक, सर्वसाधारण तथा विभिन्न सरकारी निकायमा कार्यरत कर्मचारीको समेत खोजी तथा उद्धार भइरहेको छ । बाढीले बस्ती, बजार, सडक, पुल, जलविद्युत् आयोजना तथा सुरक्षा निकायका संरचनामा ठूलो क्षति पुऱ्याएको प्रारम्भिक विवरण प्राप्त भएको छ ।

बाढी प्रभावित क्षेत्रमा नेपाली सेना र निजी क्षेत्रका गरी १३ भन्दा बढी हेलिकोप्टर खोज तथा उद्धारमा परिचालन गरिएको छ । नेपाली सेनाका प्रवक्ता सहायकरथी राजाराम बस्नेतका अनुसार सात हेलिकोप्टरसहित एक हजार सात सय सैनिक खोज तथा उद्धार, राहत र स्वास्थ्य सेवामा परिचालन भएका छन् ।

सेनाले हवाई माध्यमबाट ९६ र स्थलमार्गबाट २६ गरी १२१ जनाको उद्धार गरेको जनाएको छ। निजी क्षेत्रका हेलिकोप्टरबाट पनि २९ जनाको उद्धार गरिएको छ ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक अवि नारायण काफ्लेका अनुसार बेपत्ताको खोजीका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले स्थल तथा हवाई साधनसँगै ड्रोन र तालिमप्राप्त कुकुरसहितको के-९ टोली परिचालन गरेका छन्।

बाढीबाट नदी तटीय क्षेत्रका घर, पसल, सडक, पुल तथा अन्य संरचना तहसनहस भएका छन्।

## उद्धारमा र्‍यापिड एक्सन टिम

बाढीको सूचना प्राप्त भएलगत्तै प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले उद्धार तथा राहत कार्यलाई प्रभावकारी बनाउन र्‍यापिड एक्सन टिम सक्रिय बनाएको थियो । राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा उच्चस्तरीय संयन्त्र परिचालन गरी प्रभावित क्षेत्रको सूचना सङ्कलन तथा समन्वय गरिएको थियो ।

स्थानीय प्रशासन, जनप्रतिनिधि र सुरक्षा निकायसँग समन्वय गरी तत्काल सुरक्षाकर्मी परिचालन तथा हवाई उद्धारको व्यवस्था मिलाइएको प्रधानमन्त्री कार्यालयले जनाएको छ ।

प्रारम्भिक सूचनाअनुसार तिब्बततर्फको क्षेत्रमा हिमपहिरो वा पहिरोका कारण नदी थुनिएर एक्कासि पानीको बहाव बढेको हुन सक्ने अनुमान गरिएको छ। लेन्देखोलामा बरफ तथा पहिरो खसेर नदी थुनिएपछि अचानक पानीको बहाव बढेको हुन सक्ने प्रारम्भिक आकलन गरिए पनि बाढीको वास्तविक कारण विस्तृत अध्ययनपछि मात्र यकिन हुने जनाइएको छ ।

## घाइतेको उपचार निःशुल्क

सरकारले बाढीमा परी घाइते भएकाको उपचार निःशुल्क गर्ने निर्णय गरेको छ । प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा बुधबार बसेको आकस्मिक मन्त्रीपरिषद् बैठकले स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, नेपाली सेना र सरकारी अस्पतालमार्फत घाइतेको निःशुल्क उपचारको व्यवस्था मिलाउने निर्णय गरेको नेपाल सरकारका प्रवक्ता सस्मित पोखरेलले जानकारी दिनुभयो। प्रवक्ता पोखरेलका अनुसार उद्धारका लागि हेलिकोप्टर आवश्यक परेमा १२३४ हटलाइनमा सम्पर्क गर्न सकिने छ। प्रभावित जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीसँग सम्पर्क गरी आफ्नो लोकेसन सेयर गरेर पनि उद्धारका लागि सहयोग माग्न सकिने व्यवस्था गरिएको छ ।

उद्धारको प्रतीक्षामा रहेकाले आगो बालेर वा धुवाँ निकालेर हेलिकोप्टरलाई सङ्केत गर्न सकिने सरकारले जनाएको छ ।

सरकारले चीन र भारतसँग समेत आवश्यक सहयोगका लागि समन्वय गरिरहेको जनाएको छ। बाढीमा मृत्यु भएकाका परिवार लाई प्रचलित कानुनबमोजिम तत्काल आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरिएको छ । घर तथा निवास गुमाएकालाई सुरक्षित स्थानमा स्थानान्तरण गरी खाने-बस्ने व्यवस्था गृह मन्त्रालय, राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण तथा सम्बन्धित विपत् व्यवस्थापन समितिमार्फत मिलाउने निर्णय भएको छ ।

बाढीबाट अवरुद्ध सडक तत्काल सञ्चालनमा ल्याउने, खानेपानीको व्यवस्था गर्ने, विद्युत् आपूर्ति पुनः सञ्चालन गर्ने तथा अवरुद्ध दूर सञ्चार सेवा सुचारु गर्ने जिम्मेवारी सम्बन्धित मन्त्रालय तथा निकायलाई दिइएको छ । क्षतिग्रस्त सार्वजनिक संरचना तथा भौतिक पूर्वाधारको तत्काल सञ्चालन र पुनर्निर्माणका लागि आवश्यक आर्थिक स्रोत परिचालन गर्न अर्थ मन्त्रालयले समन्वय गर्ने निर्णयसमेत भएको छ ।

बाढीबाट प्रभावित जिल्लाका स्थानीय तहलाई तीन महिनाका लागि विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को

बाँकी पृष्ठ ३ मा

# विपद् प्रभावितको साथमा गौशाला नगरपालिका, नगर प्रमुख डा.महतोद्वारा १० लाख दिने घोषणा

महोत्तरीको गौशाला नगर पालिकाद्वारा बाढीपीडितप्रति दु:ख व्यक्त, उद्धार तथा राहतका लागि रु. १० लाख सहयोग गर्ने घोषणा गरेको छ।

भोटेकोशी नदीमा आएको आकस्मिक बाढीबाट रसुवा, नुवाकोट, धादिङ, चितवनलगायत जिल्लामा भएको जनधनको क्षतिप्रति गौशाला नगरपालिकाले दु:ख व्यक्त गरेको छ।

गौशाला नगरपालिकाका नगर प्रमुख डा. दिपेन्द्र महतोले बुधबार साझ जारी गर्नुभएको विज्ञप्तिमार्फत बाढी तथा विपद्मा परी ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्नुभएको छ। उहाँले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ।नगर प्रमुख डा.

बाँकी पृष्ठ ३ मा



# बाढी प्रभावित क्षेत्रमा सेनाका आठ ट्रकमार्फत आठ टन राहत सामग्री पठाइयो



**खबर दर्पण समाचारदाता**

**भदौ १० गते, बर्दिवास**

रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित क्षेत्रमा राहत तथा उद्धार कार्यलाई तीव्रता दिँदै नेपाली सेनामार्फत करिब आठ टन राहत सामग्री पठाइएको छ ।

प्रधानमन्त्री वालेन्द्र शाहका प्रेस तथा अनुसन्धान विज्ञ दिपा दहालका अनुसार नेपाली सेनाका आठ वटा ट्रकमार्फत राहत सामग्री बिहीबार राति प्रभावित क्षेत्रतर्फ पठाइएको हो ।

बाढीबाट प्रभावित नागरिकलाई तत्काल आवश्यक पर्ने सामग्री प्राथमिकताका आधारमा पठाइएको जनाइएको छ ।

प्रभावित क्षेत्रमा पठाइएको राहत सामग्रीमा ५०० थान मच्छरदानी, बालबालिकाका लागि एक हजार थान डिग्निटी किट, २२० थान स्लिपिङ ब्याग, ५०० थान कम्बल, १० थान प्लास्टिक सिट, १०० थान त्रिपाल र ५०० थान सोलार बत्ती रहेका छन् ।

त्यस्तै, सोलार बत्तीका लागि ५०० थान सोलार प्लेट र विद्युत् आपूर्ति आवश्यक पर्ने स्थानमा प्रयोग गर्न ३० केभीए क्षमताको एक थान जेनेरेटरसमेत प्रभावित क्षेत्रमा पठाइएको दहालले जानकारी दिएकी छन् ।

भोटेकोशीमा आएको बाढीका कारण रसुवाका विभिन्न क्षेत्रमा जनजीवन प्रभावित हुनुका साथै पूर्वाधारमा समेत क्षति पुगेको छ । जोखिममा रहेका नागरिकको उद्धार तथा प्रभावित क्षेत्रमा राहत पुऱ्याउने कार्यलाई सरकारले प्राथमिकतामा राखेको जनाएको छ ।

सरकारले सुरक्षा निकाय तथा सम्बन्धित निकायलाई परिचालन गरी उद्धार, राहत र पुनःस्थापनाका कामलाई समन्वयात्मक रूपमा अघि बढाइरहेको जनाएको छ ।

# लालबन्दीबाट गोसाइकुण्ड हिँडेका पाँच जना सम्पर्कविहीन



**खबर दर्पण समाचारदाता**

**भदौ १० गते, बर्दिवास**

सर्लाहीको लालबन्दीबाट मङ्गलबार बेलुका रुसुवाको गोसाइकुण्ड प्रस्थान गरेका पाँच जना बिहीबार बिहानसम्म सम्पर्कविहीन रहेका छन् ।

सम्पर्कविहीन हुनेहरुमा लालबन्दी नगरपालिका-५, मेजर गन्ज निवासी व्यवसायी एवं लायन्स क्लब लालबन्दीका पूर्व अध्यक्ष चिरञ्जीवी खतिवडा, शिक्षक कृष्णप्रसाद धमला, द्धारिका डङ्गोल, लालबन्दी नगर पालिका-९, बस्तीपुर घरभई काठमाडौँ बस्दै आउनुभएका माधव काफ्ले र नाम खुल्न नसकेका एक बालक रहेका लालबन्दी-५ का वडाध्यक्ष मीनप्रसाद ढुङ्गेल (रामु)ले जानकारी दिनुभयो । ढुङ्गेलले भन्नुभयो, "उहाँहरु मङ्गलबार बेलुका यहाँबाट गोसाइकुण्डका लागि निस्कनुभएको भन्ने परिवारका सदस्यले सूचना दिएका छन् ।"

गोसाइकुण्ड हिँडेको टोलीका सबै सदस्यको मोवाइल बुधबार बिहान ९ बजेदेखि 'स्वीच अफ' रहेको छ। परिवारका सदस्यका अनुसार बुधबार बिहान नुवाकोटको बट्टारमा रहँदासम्म गोसाइकुण्ड हिँडेकाहरुसँग कुराकानी भएको थियो ।

लायन्स क्लब लालबन्दीका पूर्व अध्यक्ष राजकुमार न्यौपानेका अनुसार, पाँच जनाको समूह निजी गाडीमा गोसाइकुण्ड गएको थियो । पाँचै जनाले बुधबार बिहान खाजा खाएको नुवाकोटस्थित होटलसमेत बगाएको र साथीहरु त्यहाँबाट अगाडि गोसाइकुण्डतर्फ हिँडेको भन्ने सूचना पाएको न्यौपानेले बताउनुभयो ।

आफूसमेत मिसिएर आगामी आइतबार गोसाइकुण्डतर्फ जाने योजना बनाउँदै गर्दा अप्रिय घटना घटेको न्यौपानेको भनाइ छ । उहाँले भन्नुभयो, "म काठमाडौँबाट फर्किएपछि अहिले सम्पर्कविहीन हुनुभएका चिरञ्जीवी दाईसहित आइतबार गोसाइकुण्ड जाने भन्ने थियो तर दाईहरु मिलेर मङ्गलबार नै हिँड्नुभएको रहेछ ।"

सम्पर्कविहीन साथीहरुको अवस्था पत्ता लगाउन नुवाकोट, रसुवाक्षेत्रका व्यवसायी तथा चिनेजानेका साथीहरुसँग सम्पर्क गरिरहे पनि अवस्था थाहा हुन नसकेको न्यौपानेले बताउनुभयो । गोसाइकुण्ड हिँडेकाहरुसँग सम्पर्क नहुँदा र अवस्था अज्ञात रहँदा परिवारजनमा रुवावासी चलेको छ ।

# विनाशकारी बाढी : ४३१ मेगावाट विद्युत् उत्पादन ठप्प, ऊर्जा प्रणालीमा बढ्यो चुनौती

**खबर दर्पण समाचारदाता**

**भदौ १० गते, बर्दिवास**

रसुवास्थित भोटेकोशी नदीमा आएको बाढीका कारण देशको कुल विद्युत् उत्पादन क्षमताको करिब १० प्रतिशत प्रभावित भएको छ। बाढीबाट विद्युत् उत्पादन, प्रसारण तथा वितरण संरचनामा ठुलो क्षति पुगेपछि विद्युत् आपूर्तिमा हुन सक्ने असन्तुलनलाई ध्यानमा राख्दै नेपाल विद्युत् प्राधिकरणले माग र आपूर्ति व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराज भक्त श्रेष्ठले बताए।

मन्त्री श्रेष्ठका अनुसार हालसम्म विद्युत् प्रणालीलाई सन्तुलित राख्न प्राधिकरण सफल भए पनि बाढीबाट भएको ठूलो क्षतिका कारण आगामी दिनमा थप चुनौती आउन सक्ने भएकाले आवश्यक तयारी र व्यवस्थापनलाई तीव्र बनाइएको छ।

प्रारम्भिक विवरणअनुसार बाढीका कारण ४३१.१ मेगावाट क्षमताका १२ वटा विद्युत् उत्पादन केन्द्र बन्द भई विद्युत् प्रणालीबाट बाहिरिएका छन्। त्यस्तै, निर्माणाधीन १५ वटा जलविद्युत् आयोजनामा कुल ४७० मेगावाट क्षमतामा क्षति पुगेको प्रारम्भिक विवरण प्राप्त भएको मन्त्री श्रेष्ठले जानकारी दिए।

प्रसारणतर्फ त्रिशूली २२० केभी ३ बी हब सबस्टेशन पूर्णरूपमा क्षतिग्रस्त भएको छ। विभिन्न १३२, ६६ तथा २२० केभी प्रसारण लाइन र टावरमा समेत क्षति पुगेको छ। बाढीका कारण रसुवामा विद्युत् आपूर्ति पूर्णरूपमा अवरुद्ध भएको छ भने नुवाकोट, धादिङ र गोरखाका विभिन्न क्षेत्रमा आंशिक रूपमा विद्युत् सेवा प्रभावित भएको छ। मन्त्री श्रेष्ठका अनुसार विभिन्न विद्युत् आयोजना तथा संरचनामा कार्यरत १९६ जनाभन्दा बढी कर्मचारी तथा मजदूर सम्पर्कविहीन रहेको प्रारम्भिक विवरण प्राप्त भएको छ । उनीहरूको खोज तथा उद्धार कार्य जारी रहेको छ।

उद्धार तथा विद्युत् सेवा पुनःस्थापनाका लागि नेपाल विद्युत् प्राधिकरणका १५ वटाभन्दा बढी सवारीसाधन प्रभावित क्षेत्रमा परिचालन गरिएको छ। थप उद्धार तथा प्राविधिक टोलीसमेत प्रभावित क्षेत्रमा खटाइएको मन्त्री श्रेष्ठले बताए।

# आवश्यक टेलिफोन नम्बरहरू

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केवल टिभी नेटवर्क | ५२३७२८ |

## वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# भोटेकोशी बाढीमा १५७ जनाको...........

दफा ३२ बमोजिम विपत् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय पनि सरकारले गरेको छ ।

### राहतका लागि विपत् कोषमा रकम

परराष्ट्रमन्त्री शिशिर खनालले प्रतिनिधि सभामा बाढीपहिरोबारे प्रारम्भिक जानकारी दिँदै उद्धार र राहतलाई प्रभावकारी बनाउन रसुवा र नुवाकोटको विपत् कोषमा एक-एक करोड तथा धादिङको कोषमा ५० लाख रुपियाँ विनियोजन गरिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार घाइतेको उपचारका लागि जिल्ला अस्पताल नुवाकोटमा काठमाडौँबाट थप चिकित्सकसहितको स्वास्थ्य जनशक्ति पठाइएको छ । जिल्ला अस्पतालमा नेपाली सेनाका १५, नेपाल प्रहरीका १२ र सशस्त्र प्रहरीका १५ जना जनशक्ति पठाइएको छ । गम्भीर घाइतेको उपचारका लागि काठमाडौँस्थित राष्ट्रिय ट्रमा सेन्टर, त्रिवि शिक्षण अस्पताललगायत पाँच अस्पताललाई तयारी अवस्थामा राखिएको छ ।

मन्त्री खनालले टिमुरेमा नेपाल प्रहरीका २६ र सशस्त्र प्रहरीका नौ जना तथा टिमुरे र मैलुङमा नेपाली सेनाका ४४ जना सम्पर्कविहीन रहेको जानकारी दिनुभयो । भन्सार तथा अध्यागमन कार्यालयका केही कर्मचारीसमेत सम्पर्कविहीन रहेको उहाँले बताउनुभयो ।

बाढीबाट सरकारी तथा निजी संरचनामा ठूलो क्षति पुगेको छ । धेरै सडक क्षतिग्रस्त भएकाले जोखिमलाई ध्यानमा राख्दै मुग्लिङ-नारायणगढ सडकखण्डमा समेत सवारीसाधन सञ्चालनमा रोक लगाइएको जानकारी दिइएको छ ।

### तल्लो तटीय क्षेत्रमा जोखिम कायमै

भोटेकोशी र त्रिशूली नदीको तल्लो तटीय क्षेत्रमा बाढीको थप प्रभाव पर्न सक्ने भएकाले नदी आसपासका बासिन्दालाई उच्च सतर्कता अपनाउन आग्रह गरिएको छ । नदीमा पानीको बहाव बढ्नुका साथै कतिपय स्थानमा नदी थुनिन सक्ने सम्भावना



रहेकाले जोखिम कायमै रहेको प्रशासनले जनाएको छ ।

सरकारले नदी किनार तथा अन्य जोखिमयुक्त क्षेत्रमा बसोबास गरिरहेका नागरिकलाई सुरक्षित स्थानमा जान आग्रह गरेको छ । उद्धारको प्रतीक्षामा रहेका व्यक्तिलाई स्थानीय प्रशासन तथा सुरक्षा निकायसँग सम्पर्क गर्न र फोन सम्पर्क सम्भव नभए ह्वाट्सएपलगायत सञ्चार माध्यमबाट आफ्नो स्थानबारे जानकारी गराउन आग्रह गरिएको छ ।

### आज सर्वदलीय बैठक


बाढीपहिरोबाट भएको क्षति, खोज तथा उद्धार, राहत र पुनर्स्थापनाका विषयमा छलफल गर्न बिहीबार सर्वदलीय बैठक बस्ने भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको आह्वानमा बैठक बस्न लागेको रास्वपाले जनाएको छ ।

रास्वपाका प्रवक्ता जगदीश खरेलका अनुसार बैठक बिहीबार बिहान ९ बजे सिंहदरबारस्थित रास्वपा संसदीय दलको कार्यालयमा बस्ने छ ।

# विपद् प्रभावितको साथमा....

महतोले विपद्का समयमा प्रभावित नागरिकको तत्काल उद्धार, राहत तथा पुन:स्थापनालाई पहिलो प्राथमिकतामा राखेर काम गर्नुपर्नेमा जोड दिनुभएको छ। विपद् कुनै एक क्षेत्र वा समुदायको मात्र समस्या नभई साझा सरोकारको विषय भएकाले मानवीय सहयोगका लागि सबै पक्ष एकजुट हुनुपर्ने उहाँको भनाइ छ।

"विपद्को पीडामा परेका नागरिकलाई तत्काल उद्धार र राहत उपलब्ध गराउनु अहिलेको मुख्य आवश्यकता हो। गौशाला नगरपालिका पीडित नागरिकको दु:खमा साथमा छ। खोज, उद्धार र राहतका लागि आवश्यक सहयोग गर्न नगरपालिका तयार छ," नगर प्रमुख डा. महतोले भन्नुभयो।



गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

फोन : ०४४-५५६१३९
info@gaushalamun.gov.np
gaushalamunicipality@gmail.com
www.gaushalamun.gov.np

पत्र संख्या: २०८३।०८४
चलानी नं.:

प्रेस विज्ञप्ति

आज मिति २०८३ साल भदौ १० गते भोटेकोशी नदीमा आकस्मात आएको बाढीको कारण रसुवा, नुवाकोट, धादिङ, चितवन लगायतका जिल्लाहरूमा भएको ठूलो जन-धनको क्षतिप्रति गौशाला नगरपालिका परिवार गहिरो दु:ख व्यक्त गर्दछ। यस प्राकृतिक विपदमा परी ज्यान गुमाउनुहुने सम्पूर्ण मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

यस राष्ट्रिय विपतिमा नेपाल सरकारद्वारा गरिने खोज, राहत र उद्धारका कार्यहरूमा आवश्यक पर्ने सम्पूर्ण सहयोग पुर्याउन गौशाला नगरपालिका तत्पर रहेको छ।

विशेष गरी विपद्को समयमा थप जोखिममा पर्ने गर्भवती तथा सुत्केरी महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई पहिलो प्राथमिकतामा राखी उद्धार र पुनर्स्थापनाको व्यवस्था मिलाउन सम्बन्धित सबै पक्षको विशेष ध्यानाकर्षण गराउन चाहन्छु। यस कठिन परिस्थितिमा विपद् प्रभावित क्षेत्रका नागरिकहरूको पीडामा मलम लगाउन नेपाल सरकारबाट गरिने सबै प्रकारका प्रयासहरूमा गौशाला नगरपालिकाको साथ र सहयोग रहने प्रतिबद्धता सहित यस नगरपालिकाको तर्फबाट प्रधानमन्त्री राहतकोषमा तत्काल रू. १० लाख रुपैया जम्मा गरिने व्यहोरा समेत जानकारी गराउदछु।

साथै, हालको मौसमी प्रतिकूलता र सम्भावित विपद्को जोखिमलाई मध्यनजर गर्दै हाम्रो गौशाला नगरपालिका क्षेत्रभित्रका नदी तथा खोला किनार आसपास बसोबास गर्नुहुने सम्पूर्ण नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूलाई उच्च सतर्कता अपनाउन, सम्भावित बाढी वा डुबानको जोखिमप्रति सजग रहन हार्दिक अनुरोध गर्दछु।

मिति: २०८३/०५/१० गते

डा.दिपेन्द्र महतो
नगर प्रमुख

www.gaushalamun.gov.np | +९७७ ०४४-५५६१३९, ९८५४०५४१११ | Email:ito.gaushalamun@gmail.com


**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**लक्ष्मीनियाँ गाउँपालिका, धनुषा**

**सर्पको टोकाइबाट बचौं र बचाऔं**

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

**गणेशमान चारनाथ नगरपालिका, धनुषा**





# नेपाललाई भारतको १० टन राहत सामग्री र औषधी सहयोग

खबर दर्पण समाचारदाता

**भदौ ९ गते, बर्दिबास**



भारत सरकारले भोटेकोशी बाढी प्रभावितका लागि नेपाललाई १० टन मानवीय सहायता तथा अत्यावश्यक औषधी सहयोग गरेको छ। भारतले चुनौतीपूर्ण अवस्थामा नेपाल र नेपाली जनताको साथमा रहेको जनाउँदै उक्त सहायता समग्री हस्तान्तरण गरेको हो।

नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले बुधबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्कराज पौडेल 'गनेस' लाई उक्त राहत सामग्री हस्तान्तरण गर्नुभयो। यसअघि भारतीय विदेशमन्त्री डा. एस जयशङ्करले सामाजिक सञ्जालमार्फत रसुवा बाढीपीडितका लागि मानवीय सहायता, विपद् राहत तथा आवश्यक औषधी नेपाल पठाइएको जानकारी दिनुभएको थियो। विदेशमन्त्री जयशङ्करले शोकसन्तप्त परिवार तथा बाढीबाट प्रभावित सबैप्रति समवेदना व्यक्त गर्दै चुनौतीपूर्ण परिस्थितिमा भारत नेपाल र नेपाली जनताको साथमा रहेको बताउनुभएको छ।

# भोटेकोशीमा आएको बाढीप्रति मधेस सरकार द्वारा दुःख व्यक्त, उद्धार, राहतमा जुट्न आह्वान

खबर दर्पण समाचारदाता

**भदौ ९ गते, बर्दिबास**

मधेस प्रदेश सरकारले रसुवाको सीमावर्ती क्षेत्रबाट आज भोटेकोशी नदीमा अप्रत्याशित रूपमा आएको बाढी तथा त्यसबाट भएको जनधनको क्षतिप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ।

मधेस प्रदेश सरकार मन्त्रिपरिषदको आज बसेको बैठकले भोटेकोशी नदीमा आएको बाढी क्रमशः तल्लो तटीय क्षेत्रमा अगाडि बढिरहेको भन्दै नदी किनार तथा तल्लो तटीय क्षेत्रका बासिन्दालाई पूर्ण सावधानी अपनाउन र सुरक्षित रहन आह्वान गरेको हो।

मधेस प्रदेश सरकारका प्रवक्ता तथा अर्थमन्त्री युवराज भट्टराईका अनुसार मन्त्रिपरिषद् बैठकले पछिल्लो समय वर्तमान पुस्ताले नदेखेको तथा नभोगेको स्तरमा बाढी तथा डुबानका घटना भइरहेकामा गम्भीर चिन्ता व्यक्त गर्दै विपदमा परेका घाइते तथा प्रभावितको शीघ्र उद्धार, राहत र पुनःस्थापनामा राज्यका सबै संयन्त्र तथा नागरिकलाई आ-आफ्नो क्षेत्रबाट सक्दो योगदान गर्न आह्वान गरेको छ।

मधेस प्रदेश सरकारले विपद्को उद्धार, राहत तथा पुनःस्थापनाका लागि नेपाल सरकारले अवलम्बन गर्ने नीतिमा प्रदेश सरकारको पूर्ण साथ र सहयोग रहने जनाएको छ।

यस्तै बैठकले जलवायु परिवर्तनका कारण पछिल्लो समय नदी प्रणालीमा आकस्मिक बाढीका घटना पटकपटक बढिरहेको भन्दै नदी किनारका बस्ती, राजमार्ग, पुल तथा अन्य पूर्वाधार संरचनाको संरक्षणसँगै आकस्मिक बाढीले तल्लो तटीय क्षेत्रमा पार्ने डुबानजन्य समस्यालाई केन्द्रमा राखेर विशेष नीति निर्धारण गर्नुपर्ने आवश्यकता औंल्याएको छ।

मधेस प्रदेश सरकारले विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा उद्धार र पुनःस्थापनाका कार्यलाई थप प्रभावकारी बनाउन सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय आवश्यक रहेको मन्त्री भट्टराईले बताउनुभयो।


## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**मुखियापट्टी मुसरनिया गाउँपालिका, धनुषा**

## सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

**धनुषाधाम नगरपालिका, धनुषा**

## सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

## स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**गौशाला नगरपालिका, महोत्तरी**

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**मटिहानी नगरपालिका, महोत्तरी**

## कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**औरही नगरपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा  मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,